अनुसुची - ५

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार

रक्षा मन्त्रालय

श्री कालीरक्षा गण (ई), बढैपुर व्यारेक, कैलाली

सम्पत्ति तथा मालसामानको लिलाम बढाबढको सूचना

# लिलाम बढाबढ्को ७ दिने सुचना

सूचना नं.-२०८०/८१/०१

प्रकाशित मिति २०८१।०२।१४ गते

उपरोक्त सम्बन्धमा यस गण (ई) को जिम्मेवारीमा रहेको बा. १ ग १७४५ नं. को (२.५ टन टाटा ७१३) ट्रक (ई.नं. २0BG२२१६१२० र च्या.नं. VFJLPT०९१७६) गोटा-१(एक) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०७ को उपनियम (१) को (ख) बमोजिम न्युनतम मुल्य कायम भई लिलाम बढाबढद्वारा लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा यो ७ दिने सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशन भएको मितिले ८ औं दिन अर्थात मिति २०८१।०२।२२ गतेको ११०० बजेभित्र इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपशीलमा उल्लेखित शर्तको अधिनमा रही तोकिएको मितिमा यस श्री कालीरक्षा गण (ई), बढैपुर व्यारेक, कैलालीमा हुने डाँक बढाबढमा भाग लिन सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**(१) लिलाम बिक्रि गर्ने सम्पत्ति तथा मालसामानको विवरण**

| सूचना नं. | | लिलाम गर्ने सामानको बिवरण | परिमाण | न्युनतम मुल्य रु. | लिलाम हुने स्थान | लिलाम बढाबढको अन्तिम मिति र समय | लिलाम बढाबढको खोलुवा हुने मिति |
|---|---|---|---|---|---|---|---|
| २०८०/८१/०१ | १ | बा. १ ग १७४५ नं. को (२.५ टन टाटा ७१३) ट्रक (ई.नं. 20BG2216120 र च्या.नं. VFJLPT09176) | ३०५० के.जि. (गोटा-१) | रु. १,१२,८१९.५० | श्री कालीरक्षा गण (ई), बढैपुर व्यारेक कैलाली | २०८१।०२।२२ गतेको ११०० बजे | लिलाम बढाबढ सुचना प्रकाशन भएको मितिले ८ औ दिन अर्थात मिति २०८१।०२।२२ गतेको ११०० बजे |
| | | जम्मा मुल्य रु. | | रु. १,१२,८१९.५० | | | |
| | | १३ प्रतिशत मु.अ.कर | | रु. १४,६६६.५३ | | | |
| | | कुल जम्मा मुल्य मु.अ.कर सहित रु. | | रु. १,२७,४८६.०३ | | | |

(२) लिलाम बढाबढ हुने स्थान, सयम र मिति

(क) स्थानः बढैपुर व्यारेक , कैलाली । (ख) मितिः २०८१/०२/२२ गते (ग) समयः ११३० बजे ।

(४) लिलाम बढाबढ यस कार्यालयले तोकिएको न्युनतम लिलाम बिक्रि मुल्यबाटै शुरु हुनेछ ।

(५) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्युनतम मुल्यको ५ (पाँच) प्रतिशतले हुने रकम यस कार्यालयको कार्यालय कोड ३४५०१७७०१ श्री कालीरक्षा गण (ई) को नाममा कोष तथा लेखा नियन्त्रक कार्यालय कैलाली धरौटी खाता नं. ४१७०१००१०२०३०००० मा जम्मा गर्नु पर्नेछ ।

(६) डाँक अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप गर्दै जानु पर्नेछ ।

(७) लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय ११०० बजेदेखि १४०० बजेसम्म यस गण (ई) मा आई हेर्न सकिनेछ ।

(८) लिलाम सकार गरेको सम्पति लिलाम सकार गरेको मितिबाट १५ (पन्ध्र) दिन भित्र उठाई लैजानु पर्नेछ ।

(९) लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।

(१०) यदि तोकिएको अवधिसम्म पनि लिलाम सकार गर्दा कबोल गरेको पुरा रकम नबुझाएमा निजको धरौटी रकम जफत गरी जफत रकम बराबरसम्म घटी कबोल भएको क्रमशः दोश्रो, तेश्रो वा चौथो घटीवालालाको कबोल अङ्क स्वीकृत गरिनेछ ।

(११) डाँक बोल्न आउँदा ब्यक्तिको हकमा नेपाली नागरिकता तथा लिखित निवेदन र फर्म वा कम्पनीको हकमा सञ्चालकको नागरिकता प्रमाणपत्र,, फर्म वा कम्पनी ईजाजतपत्र, स्थायी लेखा नम्बर -PAN) दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता भएको प्रमाणपत्र र आ.ब. २०७९/८० को कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

(१२) नियमानुसार सरकारी कर (१३ प्रतिशत मु.अ.कर) लाग्नेछ ।

(१३) खरिद भएको सामान खरिदकर्ताले आफ्नै ढुवानी खर्चमा उठाई लैजानु पर्नेछ ।